मिति २०८२/३/२६

च.नं २५

क. अध्यक्ष

राष्ट्रिय युवा संघ नेपाल केन्द्रीय कमिटी

**विषयः आरोपहरूको अस्वीकृती सहित खण्डन र स्पष्ट धारणा प्रस्तुत गरिएको सम्बन्धमा ।**

महोदय,

मिति २०८२/३/२५ मा प्राप्त पत्रमा संगठनको कुन बैठकवाट स्पष्टिकरण सोध्ने निर्णय भएको भन्ने पनि जानकारी छैन र संगठनको पत्रमा चलानी नम्वर पनि छैन, जुन कुरा अनिवार्य हुनुपर्थ्यो तथापी संगठनको महासचिव मार्फत पठाईएको पत्रमा मेरो नाममा उठाइएका आरोपहरू गम्भीर मात्र होइनन्, पूर्णतः तथ्यहीन, अतिरञ्जित ,पुर्वाग्रही र राष्ट्रिय युवा संघ नेपालको विधान, सिद्धान्त र संगठनको आत्माको मूल मर्मको प्रतिकूल ठहरिन्छन् । ती आरोपहरू व्यक्तिगत आग्रह, पूर्वाग्रह र वैचारिक असहिष्णुताबाट प्रेरित छन् भन्ने मेरो ठम्याइ छ ।

मतदान प्रक्रिया चलिरहंदा म आफू अध्यक्ष पदका उम्मेदवार क. सुमन पुरीको प्रतिनिधी रही जिम्मेवारी वहन गर्ने क्रममा त्यहाँ भित्र देखिएका केही गतिबिधी लोकतान्त्रिक थिएनन्, त्यसै सिलसिलामा म बाट भएका केही प्रतिवादलाई लिएर लगाइएको गम्भिर आरोप आधारहिन मात्र छैनन्, कपोकल्पित रहेको महशुस गरेको छु ।

**१. दशौं राष्ट्रिय महाधिवेशनसँग सम्बन्धित आरोपहरूप्रति खण्डन**

म लुम्बिनी प्रदेश अध्यक्षको जिम्मेवारीमा रही दशौं राष्ट्रिय महाधिवेशन सफल वनाउन, मेरो सहभागिता र संगठन सुदृढीकरणको निम्ति पूर्ण समर्पणका साथ लागेको थिएँ । महाधिवेशनमा नेतृत्व निर्माणमा सहमति नभएपछि ,निर्वाचन प्रक्रियामा प्रवेश भए पश्चात मैले फरक विचार राखेकै कारण मलाई लक्षित गर्दै केही व्यक्तिहरूले अनर्गल, प्रमाणबिहीन आरोप लगाएका छन् । कथित “अशिष्ट व्यवहार” को कुनै ठोस प्रमाण प्रस्तुत नगरिएको मात्र होइन, यस प्रकारको आरोप संगठनको आन्तरिक लोकतन्त्र दबाउने र मतभिन्नतालाई अपराध ठहर गर्ने प्रवृत्तिको परिचायक हो । भिन्न दृष्टिकोण राख्नु, आलोचना गर्नु वा स्पष्ट विचार प्रस्तुत गर्नु शिष्ट, जिम्मेवार र लोकतान्त्रिक व्यवहार हो - दुर्व्यवहार होइन ।

## २. प्रतिनिधि धम्क्याएको र सामाजिक सञ्जालको प्रयोगबारे आरोप

मैले न कसैलाई धम्की दिएको छु, न त असभ्य वा आपत्तिजनक भाषा प्रयोग गरेको छु। सामाजिक सञ्जालमा मैले व्यक्त गरेका विचारहरू संगठन सुधार, उत्तरदायित्वपूर्ण नेतृत्व र लोकतान्त्रिक अभ्यासको सुदृढीकरणका लागि थिए - जसले संगठनलाई अझ सशक्त बनाउने उद्देश्य राख्दछ। संगठनभित्र गम्भीर विषयमा आलोचनात्मक टिप्पणी गर्नु न त अनुशासनहीनता हो, न त नेतृत्वको अपमान बरु स्वस्थ संगठनको संकेत हो। आलोचना सहन नसक्ने प्रवृत्ति नै संगठनको कमजोरी हो, आलोचना गर्ने व्यक्ति होइन।

## ३. विधानको धारा ४१ र ४२ अन्तर्गत कारबाहीको चेतावनीप्रति धारणा

राष्ट्रिय युवा संघ नेपालको विधान २०४७ (संशोधित) को धारा ४१ र ४२ को (क) र (ख) बमोजिम हरेक सदस्यले निष्पक्ष विचार राख्ने, असहमति जनाउने र संगठनभित्र सुधारको पक्षमा उभिने अधिकार सुरक्षित राख्दछ। त्यसैले त्यही विधानको लहरो समातेर आलोचकको चेतना, अभिव्यक्ति स्वतन्त्रता र आत्मसम्मानमाथि अंकुश लगाउने प्रयास संगठन र पार्टीको लामो यात्राको मूल मर्मविपरीत हो। यदि बिधानको मर्मअनुसार फरक मत राख्ने, छलफलको प्रस्ताव गर्ने, सुधारको आह्वान गर्ने कार्यलाई कारवाहीको आधार बनाइन्छ भने, त्यो संगठनको संकुचनतर्फको संकेत हो। संगठनले संस्थागत निर्णय गरिसके पश्चात म वाट संगठनका सबै निर्णयको रक्षा ,पालना र कार्यानयन भएका छन। तर निर्णय हुनुपुर्व छलफलमा वा नेतृत्व निर्माणको क्रममा महाधिवेशनमा फरक नेतृत्व निर्माण गर्न लाग्नु कसरी बिधान विपरित भयो ?

## ४. थप सन्दर्भ र स्पष्टता

संगठन र पार्टीको दीर्घकालीन हितमा आन्तरिक लोकतन्त्रको रक्षा, विकास र निष्पक्ष कार्यान्वयन गर्नु हामी सबैको साझा दायित्व हो। तर केही विचार, आलोचना र सुझावलाई व्यक्तिगत शत्रुता वा सङ्घर्षको कोणबाट व्याख्या गरेर आरोप लगाउने, स्पष्टीकरण माग्ने शैली आफैंमा गलत, पूर्वाग्रही र अलोकतान्त्रिक छ। मैले अहिलेसम्म न त कुनै अभिव्यक्तिबाट संगठनको गरिमा गिराउने कार्य गरेको छु, न त कुनै नीति, उद्देश्य वा लक्ष्यको अवमूल्यन हुने क्रियाकलापमा संलग्न भएको छु। बरु संगठनलाई अझ प्रभावकारी बनाउने, नवयुवालाई कसरी संगठनसँग जोड्न सकिन्छ भन्ने विषयमा वस्तुनिष्ठ सुझाव र तर्क प्रस्तुत गर्दै आएको छु।

## ५. मेरो अन्तिम धारणा

म आज पनि संगठनको एकता, गरिमा र अनुशासनमा विश्वास गर्छु। तर व्यक्तिगत पूर्वाग्रह, विचारहीन सत्ता लिप्सा र आलोचना नस्वीकार्ने प्रवृत्तिका विरुद्ध म आवाज उठाउन कत्तै हिच्किचाउने छैन। म सधैं संगठनभित्र स्वस्थ बहस, आन्तरिक लोकतन्त्र र वैचारिक स्वतन्त्रताको पक्षमा उभिएको छु, र उभिरहनेछु।

अतः, ममाथि लगाइएका सम्पूर्ण आरोपहरूलाई स्पष्ट रूपले अस्वीकार गर्दछु र ती आरोपहरू औपचारिक रूपमा फिर्ता लिन माग गर्दछु । यो स्पष्टीकरण केवल म प्रति मात्र नभई सिङ्गो प्रदेश कमिटीलाई लक्षित गरिएको हो । संगठनभित्र सत्य, न्याय र स्वच्छ संवादका पक्षमा आवश्यक कदम चाल्न जस्तोसुकै परिस्थितिमा पनि पछि नहटने कुरा पुनःस्पष्ट गर्दछु ।

पुनश्चः प्राविधिक कारणले भौतिक रुपमा उपस्थित हुन असमर्थ भएपनि लिखित जवाफ पेश गरेको छु ।

बोधार्थ : राष्ट्रिय युवा संघ नेपाल केन्द्रीय कमिटी
नेकपा (एमाल) केन्द्रीय अनुशासन आयोग
नेकपा (एमाल) जनसंगठन समन्वय संयत्र
नेकपा (एमाले) संगठन विभाग

........................................

सुरज खरेल

अध्यक्ष